नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन योजना २ (खाका)

## सामग्रीहरूको तालिका

१ योजना को सारांश ........ १

२ स्थानाकरण ........ १

३ नागोया शहरका विदेशी वासिन्दाका बर्तमान स्थिती ........ २

४ योजना को संरचना ........ ३

५ नीति निर्देशिका ........ ५

६ प्रवर्धन प्रणालीको संरचना ........ ५

७ कार्यान्वयन ........ ६

## १ योजना को सारांश

नागोयामा बहुसांस्कृतिक समाज निर्माण गर्ने हेतुले नागोया शहरले सन् २०१२ मा बहुसंस्कृति ब्यापक र ब्यबस्थित रूपमा प्रवर्धन गर्ने उद्देश्यले "नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन योजना"( यस पस्चात योजान १ ) निर्माण गरी त्यस अनुरूप प्रसस्त बहुसांस्कृतिक शहर विकास योजनाहरु तर्जुमा गरेको छ।
योजान १ को अन्त्य संगै नागोया शहरले योजना १ का कार्यक्रमका नतिजालाई कयम गर्दै सामाजिक प्रवित्तीका परिवर्तनहरुका साथै नयाँ आवस्यक्ता र मुद्दाहरूलाई मध्यनजर राख्दै बहुसांस्कृतिक शहर विकास प्रवर्धन गर्ने हेतुले दोस्रो योजना " नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन योजना २ "( यस पस्चात योजान २ ) तर्जुमा गरेको छ।

## २ स्थानाकरण


योजना २ " नगोया शहर ब्यपाक योजना २०१८ " मा आधारित बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन गर्ने नीति तथा उद्देश्य स्पष्ट पार्ने एक विशिष्ट योजना हो। योजना २ प्रवर्धन स्वरूप नगोया शहरका अन्य विशिष्ट योजना अन्तर्गतका बिदेशी नागरिकहरु सँग सम्बन्धित कार्यक्रमहरुसँग सझेदारी गर्दै ब्यापक एवम् ब्यबस्थित रूपमा अघि बढ्ने छौ ।

**बहुसांस्कृतिक समाज**
विभिन्न राष्ट्रियता र नस्लका ब्यक्तीहरु एक अर्काको सांस्कृतिक भिन्नतालाई अङगाल्दै सबै बराबर हौ भन्ने भावनाको वृद्धि गर्दै खुशीसाथ एकै समुदायका सदस्यका रूपमा रहने समाजलाई बहुसांस्कृतिक समाज भनिन्छ।

**विदेशी नागरिक**
नागोया शहरमा बस्ने विदेशी नागरिक भन्नाले अन्य देशका नागरिकता भएका ब्यक्तीहरुका अलावा जापानको नागरिकता प्राप्त गरेका विदेशी नागरिकहरु तथा बढ्दो सन्ख्याका अन्तर्राष्ट्रिय विवाहबाट जन्मिएका बहुजातिय नागरिक लगायतका ब्यक्तीहरु पर्दछन् ।यस्ता बिदेशी मूलका नागरिकहरुपनि बिदेशी नागरिक्ता भएका ब्यक्तीहरु जस्तै साझा समस्याहरुको सामना गर्दछन् । योजना २ ले फराकिलो दृष्टिकोण राख्दै यस्ता ब्यक्तिहरु पनि " विदेशी नागरिक" को परिभाषाभित्र समेटेको छ।
बिदेशी नागरिकता भई नागोया शहरमा बस्ने ब्यक्तीहरुलाई "विदेशी वासिन्दा" भनिनेछ ।

# ३ नागोया शहरका विदेशी वासिन्दाका बर्तमान स्थिती (डिसेम्बर ३१, २०१५ सम्म्म)


## विदेशी वासिन्दा सन्ख्या र अनुपात




**नागोयाको कुल जनसंख्याको करिब ३% विदेशी वासिन्दा छन् ।**

- कुल जनसंख्या
  २,२८६,३४५
- विदेशी वासिन्दा
  ६७,६९३
- विदेशी नागरिकको अनुपात
  २.९६%


## बसोबास अवस्थाका आधारमा विदेशी नागरिकको वर्गिकरण




**करिब ६६% लामो समय सम्म बस्ने अनुमान छ।**

" स्थाई वासिन्दा", " बिशेष स्थाई वासिन्दा", लामो समयका वासिन्दा", " जापानिजको श्रीमान-श्रीमती अथवा सन्तान", र स्थाई वासिन्दाको श्रीमान-श्रीमती अथवा सन्तान" को कुल ।

## विदेशी वासिन्दाको राष्ट्रियताको आधारमा संख्या र अनुपात




**१३६ देश तथा एक क्षेत्रका नागरिकहरु नागोयामा बस्दछन् ।**

- १: चाइना
  २१,२९३ (३२%)
- २: कोरिया
  १६,३१६ (२४%)
- ३: फिलिप्पिन्स
  ७,९०५ (१२%)

## ४ योजना को संरचना

### आधारभूत उद्देश्य




सांस्कृतिक विविधता स्विकार्दै बराबरको सम्बन्ध निर्माणको प्रयास गर्दै खुसिसाथ एकै समुदायका सदस्यका रूपमा रहनका लागि विदेशी नागरिकका निमित्त स्थाई जिविकोपार्जनका लागि काम गर्न र स्थानिय योजनाका निर्माणमा सहभागिता बढाउदै बहुसांस्कृतिक जागरुकता फैलाउने काम गर्न महत्वपूर्ण छ ।

नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन योजना २ अन्तर्गत बहुसांस्कृतिक शहर निर्माणका लागि बहुसांस्कृतिक नितिहरु नागोया शहरले अघि सारेको छ।

### योजना को अवधि

आर्थिक बर्ष २०१७ देखी आर्थिक बर्ष २०२१ (५ बर्ष )



| | | |
|---|---|---|
| दैनिक जीवनयापनको आधार निर्माण | स्थानीय ज्ञानको अंतर्राष्ट्रीयकरण | •प्रशासनिक र दैनिक जीवनयापनको जानकारीको लागि विभिन्न भाषा र विधीको प्राबधान<br>•विदेशी नागरिकहरुका लागि सेवाहरू प्रदान |
| | जापानिज भाषा र सामाजिक दक्षता हासिल गर्न सहयोग | •जापानिज भाषा र सामाजिक दक्षता सिक्ने अवसरहरु प्रदान<br>•जापानी भाषा सिक्नकालागी सहयोग संरचनको सिर्जना |
| | निवास | •निजी भाडाका आवास पहुँचमा सुविधा<br>•सामुदायिक वसोवस सम्बन्धित जानकारी प्रदान |
| | श्रम | •रोजगारी र कामगर्ने वातावरणमा सुधार |
| | शिक्षा | •अभिभावकलाई शिक्षा प्रणाली बारे जानकारी प्रदान<br>•विद्यालय जान असमर्थ विद्यार्थीहरुलाई सहयोग प्रदान |
| | स्वास्थ्य, चिकित्सा र कल्याण | •स्वास्थ्य, चिकित्सा र कल्याण सम्बन्धित जानकारी प्रदान<br>•विदेशी विरामीहरुलाई विभिन्न भाषाको सहयोग |

| | | |
|---|---|---|
| योजना निर्माणका लागि जस्लेपनि सहभागीता जनाउन सक्ने समुदायको सिर्जना | स्थानिय योजना निर्माणमा विदेशी नागरिकको सहभागीता प्रवर्धन गर्ने | •महत्वपूर्ण ब्यक्ति र संजालहरु सँग सहकार्य<br>•निति निर्माणमा विदेशी नागरिकहरुको राय दर्शाउने प्रणालीको आत्मसाथ |
| | शान्तिपूर्ण र सुरक्षित समुदायहरुको विकास | •प्रकोपका लागि तयारी र जागरूकता<br>•अपराध रोकथाम र यातायात सुरक्षाको प्रबर्धन |

| | | |
|---|---|---|
| विविधता सदुपयोग गर्ने समाजको निर्माण | सामाजिक जागरुकताको विकास | •स्थानीय वासिन्दाहरुमा जागरूकताको विकास<br>•बहुसंस्कृतिमा आधारित समुदायहरु र सम्बन्धित संस्थाहरू बिचको सहकार्य |
| | विविधता सदुपयोग गर्ने शहरको सकृयता | •एक्सचेन्ज विद्यार्थीहरू र विदेसी मानवस्रोतको दक्षता संलग्न हुने परीवेशको सिर्जना<br>•नागोयाको गुणको सुधार र प्रवर्धन का लागि विविधताको संलग्न |

| | | |
|---|---|---|
| प्रवर्धन प्रणालीको संरचना | सरकारी संरचनाको प्रवर्धन | • नगर समितिको माध्यमद्वारा प्रवर्धन |
| | सम्बन्धित संस्था र समुदायहरुसँग सहकार्य | • राष्ट्रिय र केन्द्रिय सरकार,नगोया ईन्टरन्यासनल सेन्टर तथा स्थानिय तवरमा हतेमालो<br>• नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन संस्थाको निर्माण |

यो सामग्री योजना अवधि भित्रको बजेट संशोधनमा आत्मसात गर्दै कार्यान्वयन गरिनेछ ।

## ५ नीति निर्देशिका

आधारभूत उद्देश्यहरु हासिल गर्न निम्न ३ नीति- निर्देशिकाहरु छनौट गरिएका छन् ।

| निर्देशिका १ | दैनिक जीवनयापनको आधार निर्माण |
|---|---|

जापानिज भाषा, फरक सस्कृति जस्ता करणले दैनिक जीवनयापनमा कठिनाई भोगिरहेका विदेशी नागरिकहरु गुणस्तरीय जीवनयापन गर्न सक्ने आधारहरु लागु गरिने छन् ।

| निर्देशिका २ | योजना निर्माणका लागि जस्लेपनि सहभागीता जनाउन सक्ने समुदायको सिर्जना |
|---|---|

जापानिज नागरिक सगै विभिन्न कृयाकलापहरुमा विदेशि नागरिक आत्मनिर्भर भई सहभागिता बढाउनका लागि स्थानीय योजना निर्माणमा सहभागिता प्रोत्साहन गरिने छ।

| निर्देशिका ३ | विविधता सद्पयोग गर्ने समाजको निर्माण |
|---|---|

विविधतालाई अत्मसाथ गर्दै सबै नागरिकले एक अर्काका आधारभूत मानव अधिकार र सांस्कृतिक भिन्नताको सम्मान गर्ने समाजको सिर्जनाका लागि प्रोत्साहन गरिने छ ।

## ६ प्रवर्धन प्रणालीको संरचना

**१ सरकारी प्रवर्धन प्रणाली**

उपायहरु लागु गर्दा नगर स्तरीय कमिटीहरुसँग सम्बन्धित संस्थाहरुसँग निकट साझेदारी गर्दै ब्रीहत तथा ब्यवस्थित कार्ययोजनाहरु अघि बढाइने छ।

**२ सम्बन्धित संग-संस्था एवम् समुदायहरुसंगको सझेदारी**

राष्ट्रिय र केन्द्रीय सरकार,आइचि इन्टरन्यासनल असोसिएसन, नागोया इन्टरन्यासनल सेन्टर, उद्योग, एन्पिओ , स्वयंसेवक सस्थाहरु, सामाजिक सस्थाहरु लगायतका समाजका प्रत्येक साझेदारहरुसँग साझेदारी गर्दै बहुसांस्कृतिक समाजका प्रयासहरु अघि बढाईने छ। योजनाहरु चुस्त रूपमा प्रवर्धन गर्न यस्ता साझेदारहरु सँगको सक्रिय साझेदारी आवश्यक हुन्छ।

यी उद्देश्यहरुको प्रप्तीका लागि बहुसांस्कृतिक नागोया सह-अस्तित्व प्रवर्धनको निर्माण गरि बहुसांस्कृतिक योजनाहरु प्रभावकारी रूपमा लागु गरिने छ।

## ७ कार्यान्वयन

**निर्देशिका १** दैनिक जीवनयापनको आधार निर्माण

| आधारभूत नीति १ | स्थानीय ज्ञानको अंतर्राष्ट्रीयकरण |
|---|---|

◆ **हाम्रो लक्ष्य**

विदेशी नागरिकहरुलाई आवश्यक पर्ने जानकारीहरु सजिलै सँग बुझ्नसक्ने गरी विभिन्न भाषा र विधीहरुको प्रयोग गरी जानकारी उपलब्ध गराईनेछ साथै दैनिक समस्याहरुका बारे विदेशी नागरिकहरुले सजिलै परमर्श लिन सक्ने वातावरणको सिर्जना गरिदैछ।

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| नागोया लिविङ गाईड को बारेमा अबगत भएका विदेशी नागरिकको प्रतिशत | ३८.२% | ८०.०% |

◆ **नीति निर्देशन**

नीति १ प्रशासनिक र दैनिक जीवनयापनको जानकारीको लागि विभिन्न भाषा र विधीको प्राबधान।

नीति २ विदेशी नागरिकहरुका लागि सेवाहरू प्रदान

नीति ३ अनुवाद सेवाहरुको प्रबन्ध

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

नीति १ प्रशासनिक र दैनिक जीवनयापनको जानकारीको लागि विभिन्न भाषा र विधीको प्राबधान।

| परियोजना | विभाग प्रमुख |
|---|---|
| प्रशासनिक र दैनिक जीवनयापनको जानकारीको लागि विभिन्न भाषा र विधीको प्राबधान **विस्तृत** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| सरकारी शहर निर्देशन्को कार्यान्वयन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| शहरको जानकारीको अनुवद र भाषा स्वयंसेवकहरुको परिचालन **विस्तृत** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>सबै कार्यालयहरु |
| नागोयाको पात्रो | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| विभिन्न काउन्टरहरुमा नागोया स्वागत किट को वितरण **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>वडा कार्यालयहरु |
| विदेशीहरुलाई लक्षित सार्वजनिक सुचनाको प्रसारण **विस्तृत** | नाका वडा |

**नीति २: विदेशी नागरिकहरुका लागि सेवाहरू प्रदान**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| बहुभाषिक परामर्श | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| भिडियो कलद्वारा अनुवाद **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| अनुवादकहरुको परिचालन **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| वडा कार्यालयहरुका सेवा काउन्टरहरुमा अनुवाद सेवाको प्रबन्ध | नाका वडा<br>मिनातो वडा |
| बहुसांस्कृतिक अवस्थाहरुको समाधान गर्न सक्ने कर्मचारीको क्षमता वृद्धिको निमित्त तालिमको ब्यवस्था गरिने **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| सरल जापानिज भाषामा सुचना प्रवाह | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति ३: अनुवाद सेवाहरुको प्रबन्ध**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| शहरको जानकारीको अनुवद र भाषा स्वयंसेवकहरुको परिचालन (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>सबै कार्यालयहरु |
| भिडियो कलद्वारा अनुवाद (पुनः) **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| अनुवादकहरुको परिचालन (पुनः) **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| वडा कार्यालयहरुका सेवा काउन्टरहरुमा अनुवाद सेवाको प्रबन्ध (पुनः) | नाका वडा<br>मिनातो वडा |
| आइचि स्वाथ्य सेवा अनुवाद प्रणालीमा सहभागिता (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| नगर अस्पातल र शिक्षाण अस्पातलमा विदेशी विरामीलाई सहयोग (पुनः) | को अस्पताल विभाग<br>नागोया सिटी युनिभर्सिटी |
| क्षयरोग जस्ता रोग लागेका विदेशी बिरामीहरुकालागि अनुवादकको परिचालन (पुनः) | स्वास्थ्य कल्याण विभाग |
| नवजात शिशु भेटघाट र बालबच्चा हुर्काउने सम्बन्धी जानकारी दिन अनुवादकको परिचालन (पुनः) **नयाँ** | नाका वडा |
| स्वास्थ्य केन्द्रहरुमा अनुवादकहरुको ब्यवस्था (पुनः) | बालबालिका तथा युवा विभाग |
| महिला-बालबालिकाहरुको सहयोग र परामर्श जस्ता गतिबिधीहरुका लागि अनुवादकको ब्यवस्था (पुनः) | बालबालिका तथा युवा विभाग |

## आधारभूत नीति २ जापानिज भाषा र सामाजिक दक्षता हासिल गर्न सहयोग

### ◆ हाम्रो लक्ष्य

जापानिज भाषा अथवा जापानिज समाजको अध्ययनमा रुचि राख्ने विदेशी वासिन्दाहरुलाई जापानिज भाषाका शैक्षिक संस्था तथा अन्य सम्बन्धित संस्थासँग सहकार्य गरि सिक्ने अवसरहरु प्रदान गर्ने र विदेशी वासिन्दाहरुलाई उच्चतम जापानिज भाषा र जापानिज समाजबारे गहिरो जानकारी हुने समाजको निर्माण ।

### ◆ नीतिका लक्ष्यहरु

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| दैनिक कुराकानी सजिलैसँग गर्न सक्ने विदेशी वासिन्दाको प्रतिशत | ६४. ०% | ८०. ०% |

### ◆ नीति निर्देशन

नीति ४ जापानिज भाषा र सामाजिक दक्षता सिक्ने अवसरहरु प्रदान

नीति ५ जापानिज भाषा सिक्नका लागि सहयोग संरचना को सिर्जना

### ◆ नीति कार्यान्वयन परियोजनाहरू

**नीति ४ जापानिज भाषा र सामाजिक दक्षता सिक्ने अवसरहरु प्रदान**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| नागोया अन्तर्राष्ट्रिय केन्द्रमा जापानिज भाषाका कक्षाहरु संचालन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| बालबालिकाहरुका लागि जापानिज भाषा कक्षाको संचालन विस्तृत | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| प्राथमिक जापानिज भाषा कक्षा तथा विशेष जापानिज तालिम कक्षाहरु तिब्ररूपमा संचालन (पुनः) | शिक्षा बोर्ड |

**नीति ५** जापानिज भाषा सिक्नका लागि सहयोग संरचना को सिर्जना

| परियोजना | विभाग प्रमुख |
|---|---|
| स्थानीय जापानिज भाषा स्कूलहरु सँग सहकार्य | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| जापानिज भाषा अध्ययन परामर्श केन्द्रको संचालन (पुनः) | शिक्षा बोर्ड |
| विदेशी बालबालिका/ विद्यार्थीहरुका लागि सहयोगीहरुको विकास (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| जापानिज भाषा स्वयंसेवक गतिविधीको प्रवर्धन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

| **आधारभूत नीति ३** | निवास |
|---|---|

◆ **हाम्रो लक्ष्य**

नगर आवासहरु तथा निजी भाडाका आवासहरुमा विदेशी वासिन्दाहरु सर्नका लागि चहिने जानकारीहरु सजिलै प्राप्त गरि, खोजेको जस्तो ठाउँमा आनन्दित भइ बसि, दैनिक जीवनयापनका आधारभूत नियमहरु बुझ्न सुबिधा प्रदान गर्ने समाजको सिर्जना।

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| उल्लेखनीय समस्या बिनै घर खोजीगर्न सफल विदेशी नागरिकको प्रतिशत | ५५.५% | ६५.०% |

◆ **नीति निर्देशन**

नीति ६ निजी भाडाका आवास पहुँचमा सुबिधा

नीति ७ सामुदायिक वसोवाससँग सम्बन्धित जानकारी प्रदान

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति ६ निजी भाडाका आवास पहुँचमा सुबिधा**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| निजी भाडाका आवास सम्बन्धित जानकारी प्रदान | आवास तथा नगर योजना ब्यूरो |

**नीति ७ सामुदायिक वसोवस सम्बन्धित जानकारी प्रदान**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| नगर आवास ब्यवस्थापन कार्यालयबारे जानकारी दिइने | आवास तथा नगर योजना ब्यूरो |

| आधारभूत नीति ४ | श्रम |
|---|---|

◆ **हाम्रो लक्ष्य**

रोजगारीका खोजीमारहेका विदेशीहरुलाई चहिने जानकारीहरुका साथै सुरक्षित र सरल कामगर्ने बातावरण प्रदान् गरिने छ।

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| बेरोजगारीका कारणले कस्टपूर्ण जीवन बिताइरहेका विदेशी नागरिकको प्रतिशत | १०.१% | ८.०% |

◆ **नीति निर्देशन**

नीति ८　रोजगार र कामगर्ने वातावरणको सुधार

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति ८　रोजगार र कामगर्ने वातावरणको सुधार**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशी एक्सचेन्ज विद्यार्थी रोजगारी मेलाहरुको संचालन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| रोजगारी गतिबिधि सहयोग गोस्ठी | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| "Charter to Ensure the Appropriate Employment of Foreign Workers and to Encourage their Adaptation to Japanese Society" को उपयोगबारे प्रचार | वित्तीय ब्यूरो |

| **आधारभूत नीति ५** | शिक्षा |
|---|---|

◆ **हाम्रो लक्ष्य**

विभिन्न भाषाहरुमा शैक्षिक प्रणालीबारे जानकारी प्रदान तथा जापानिज भाषा सिक्न सहयोग प्रणालीको ब्यवस्था गरी अभिभावकहरुलाई जापानिज शैक्षिक प्रणाली बुझ्न सक्ने समाज को निर्माण साथसाथै विदेशी विद्यार्थीहरु साकारात्मक सोच सहित जापानिज भाषा सिक्न, स्कूल जीवन र जापानको बसाइमा घुलमिल हुन सक्ने बातावरण सुनिस्चित गर्ने समाजको निर्माण ।

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| शिक्षा सम्बन्धी उल्लेखनिय समस्या नभएका विदेशी नागरिकको प्रतिशत | ४३.५% | ६०.०% |

◆ **नीति निर्देशन**

नीति ९ अभिभावकहरुलाई शिक्षा प्रणालीबारे जानकारी प्रदान

नीति १० अध्ययनका लागि सहयोग

नीति ११ विद्यालय जान असमर्थ बालबालिकाहरुलाई सहयोग

नीति १२ प्रगतिका लागि मार्गदर्शन

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति ९ अभिभावकहरुलाई शिक्षा प्रणालीबारे जानकारी प्रदान**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विद्यालय भर्ना निर्देशिका तथा उपलब्ध सुबिधाहरुको बारे विदेशी भाषा संस्करणमा सुचनाको प्रबन्ध | शिक्षा बोर्ड |

**नीति १० अध्ययनका लागी सहयोग**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| जापानिज भाषा अध्ययन परामर्श केन्द्रको संचालन् | शिक्षा बोर्ड |
| प्राथमिक जापानिज भाषा कक्षा तथा विशेष जापानिज तालिम कक्षाहरु तिब्ररूपमा संचालन | शिक्षा बोर्ड |
| जापानिज भाषा प्रशिक्षकहरुको परिचालन | शिक्षा बोर्ड |
| मातृभाषा सिक्न साथीको ब्यवस्था | शिक्षा बोर्ड |
| बालबालिकाहरुका लागि जापानिज भाषा कक्षाको संचालन (पुनः) विस्तृत | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| जापानिज भाषाको ट्युशन चहिने बालबालिकाका लागि ट्युशन कक्षाको ब्यवस्था | शिक्षा बोर्ड |
| विदेशी बालबालिका र विद्यार्थीका सहयोगीहरुका लागि तालिम | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति ११ विद्यालय जान असमर्थ विद्यार्थीहरुलाई सहयोग**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विद्यालय जान असमर्थ बालबालिकाहरुको स्थितीको मूल्यांकन | शिक्षा बोर्ड |
| विद्यालयमा उपस्थिती बढाउनका लागि प्रयास नयाँ | पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>बालबालिका तथा युवा विभाग<br>शिक्षा बोर्ड |

**नीति १२ प्रगतिका लागि मार्गदर्शन**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशी बालबालिका र अभिभावकहरुका लागि शैक्षिक मार्गदर्शन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>शिक्षा बोर्ड |

| **आधारभूत नीति ६** | स्वास्थ्य, चिकित्सा र  कल्याण |
|---|---|

◆ **हाम्रो लक्ष्य**

स्वास्थ्य,स्वास्थ्य सेवा र कल्याणसँग सम्बन्धित जानकारीहरु जस्तै सामाजिक बीमा संयन्त्र र चिकित्सा संगठनहरुले विभिन्न भाषाहरुमा विदेशी नागरिकहरुलाई जानकारीका साथै स्वास्थ्य सेवा, उपचार र कल्याणका सुबिधाहरु उपलब्ध हुने समाजको निर्माण।

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| मातृभाषामा उपचार लिन मिल्ने अस्पताल या क्लिनिक कहाँ छन् भनेर थाहानभएकाले कस्टपूर्ण जीवन बिताईरहेका विदेशी नागरिकको प्रतिशत | २३.१% | १०.१% |

◆ **नीति निर्देशन**

नीति १३ स्वास्थ्य, चिकित्सा र  कल्याणसँग सम्बन्धित जानकारी प्रदान ।
नीति १४ विभिन्न भाषाहरुमा विदेशी बिरामीहरुलाई सहयोग।
नीति १५  स्वास्थ्य परामर्श र स्वास्थ्य  परीक्षणको कार्यान्वयन ।
नीति १६ आमा र बच्चा स्वास्थ्य र पर्वारीसमा सहयोग।
नीति १७ अपाङ्ग र वृद्धलाई सहयोग ।
नीति १८ घरेलु हिंसाको सम्बोधन ।
नीति १९ एक्लोपनाको रोक्थाम ।

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति १३** स्वास्थ्य, चिकित्सा र  कल्याणसँग सम्बन्धित जानकारी प्रदान

| परियोजना | विभाग प्रमुख |
|---|---|
| बहुभाषामा स्वास्थ्य जानकारीको प्रबन्ध | स्वास्थ्य कल्याण विभाग बालबालिका तथा युवा विभाग |

**नीति १४ विभिन्न भाषाहरुमा विदेशी बिरामीहरुलाई सहयोग।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| आइचि मेडिकल इनटरप्रेटेसन् सिस्टममा सहभागीता | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| नगर अस्पातल र शिक्षण अस्पातलमा विदेशी विरामीलाई सहयोग | को अस्पताल विभाग नागोया सिटी युनिभर्सिटी |

**नीति १५  स्वास्थ्य परामर्श र स्वास्थ्य  परीक्षणको कार्यान्वयन ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशीहरुका लागी स्वास्थ्य परमर्श | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| विदेशीहरुका लागी क्षयरोगको  परिक्षण | स्वास्थ्य र कल्याण विभाग |
| क्षयरोग जस्ता रोग लागेका विदेशी बिरामीहरुकालागि अनुवादकको परिचालन | स्वास्थ्य र कल्याण विभाग |

**नीति १६ आमा र बच्चा स्वास्थ्य र पर्वारीसमा सहयोग।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशी परिवारका लागि पर्वारीस सम्बन्धी कक्षा | नाका वडा |
| नवजात शिशु भेटघाट र बालबच्चा हुर्काउने सम्बन्धी जानकारी दिन अनुवादकको परिचालन **नयाँ** | नाका वडा |
| स्वास्थ्य केन्द्रहरुमा अनुवाद सेवाको ब्यवस्था | बालबालिका तथा युवा विभाग |

**नीति १७ अपाङ्ग र वृद्धलाई सहयोग ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| अपाङ्ग र वृद्धको सर्वेछण **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>स्वास्थ्य कल्याण विभाग बालबालिका तथा युवा विभाग |

***नीति १८* घरेलु हिंसाको सम्बोधन ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| महिला-बालबालिकाहरुको सहयोग र परामर्श जस्ता गतिबिधीहरुका लागि अनुवादकको ब्यवस्था | बालबालिका तथा युवा विभाग |

**नीति १९** एक्लोपनाको रोक्थाम ।

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशीहरुलाई साथीभाइको सहयोग | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

| आधारभूत नीति ७ | स्थानिय योजना निर्माणमा विदेशी नागरिकको सहभागीता प्रवर्धन गर्ने |
|---|---|

### ◆ हाम्रो लक्ष्य

विदेशी नागरिकहरु स्थानीय संयन्त्रको ज्ञानसगै स्थानिय गतिविधिहरुमा सहभागीतका साथै गतिविधिहरुको योजना निर्माणमा जापानिज नागरिक सरह सामुदायिक जीवनसँग सम्बन्धित समस्याहरुको समाधानमा बराबरको भूमिका निर्वह ।

### ◆ नीतिका लक्ष्यहरु

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| सामुदायिक कृयाकलापमा सहभागीतका जनाउने विदेशी नागरिकको प्रतिशत | ४३.२% | ६५.०% |

### ◆ नीति निर्देशन

नीति २० महत्वपूर्ण ब्यक्ति र संजालहरु सँग सहकार्य ।

नीति २१ निति निर्माणमा विदेशी नागरिकहरुको राय दर्शाउने प्रणालीको आत्मसाथ।

नीति २२स्थानिय योजना निर्माणमा विदेशी नागरिकको सहभागीता प्रवर्धन गर्ने ।

### ◆ नीति कार्यान्वयन परियोजनाहरू

**नीति २० महत्वपूर्ण ब्यक्ति र संजालहरु सँग सहकार्य**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| बहुसस्कृति अघि बढाउनका लागि सामुहिक आदानप्रदानका कार्यक्रमको आयोजना | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति २१ निति निर्माणमा विदेशी नागरिकहरुको राय दर्शाउने प्रणालीको आत्मसाथ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशी नागरिक परामर्श | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति २२ स्थानीय योजना निर्माणमा विदेशी नागरिकको सहभागीता प्रवर्धन गर्ने ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| बहुसस्कृतिलाई अघी बढाउनका लागि नमुना योजना | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| विदेशी नागरिकका लागि सामुदायिक संस्था र स्थानीय सरकारी प्रणालिको विषलेशण | वित्त विभाग |
| शहरको जानकारीको अनुवाद र भाषा स्वयंसेवकहरुको परिचालन (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| बहुसस्कृति प्रवर्धन महिना (पुनः) नयाँ | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| बहुसांस्कृतिक शहर विकासका योजनाहरु (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| सह-अस्तित्व र विदेशीसँग साटासाटका लागि शहर विकास योजना (पुनः) | नाका वडा |

| आधारभूत नीति ८ | शान्तिपूर्ण र सुरक्षित समुदायहरुको विकास |
|---|---|

◆ **हाम्रो लक्ष्य**

एउटा यस्तो समाज जहाका विदेशी नागरिकहरु दैवी प्रकोप तथा हिंसाका बेलामा आफुलाई सुरक्षित राख्न सक्ने गरी प्रशस्त ज्ञान एवम् चेतनाले पूर्ण छन् ।

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| भूकम्प र तुफानको अवस्थाका लागि तयार रहेका विदेशी नागरिक को प्रतिशत | ७४.४ % | ८०.० % |

◆ **नीति निर्देशन**

नीति २३ प्रकोप सँग सम्बन्धित पूर्वतयारी तथा जागरुकता ।

नीति २४ दैविक प्रकोपका बेला अनुवाद लगायातका सेवाहरुका लागि तालिम,सहयोग,संपर्क र सझेदारी ।

नीति २५ दैविक प्रकोपका बेलामा विदेशी नागरिकहरु लाई बहुभाषामा सुचना प्रदान गर्नका लागि विभिन्न मिडियासँग सहकार्य ।

नीति २६ अपराध रोकथाम र सडक सुरक्षाको प्रबर्धन।

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति २३ प्रकोपसँग सम्बन्धित पूर्वतयारी तथा जागरुकता ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशीहरुका लागि प्रकोप रोकथाम जागरुकता पारीयोजना | खतरा व्यवस्थापन विभाग<br>पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| प्रकोपका बखतका लागि आपतकालिन् आश्रयको ज्ञान | खतरा व्यवस्थापन विभाग |

**नीति २४ दैविक प्रकोपका बेला अनुवाद लगायातका सेवाहरुका लागि तालिम,सहयोग,संपर्क र सझेदारी ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| समुदाय र संघ-संस्थाहरुसँग सम्बन्ध विस्तार | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| शहरको जानकारीको अनुवाद र भाषा स्वयंसेवकहरुको परिचालन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति २५ दैविक प्रकोपका बेलामा विदेशी नागरिकहरु लाई बहुभाषामा सुचना प्रदान गर्नका लागि विभिन्न मिडियासँग सहकार्य ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| विदेशी कूटनीतिक मिसनहरुसँग सहकार्य | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| विभिन्न माध्यमद्वारा प्रकोप सम्बन्धी जानकारी प्रदान | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति २६ अपराध रोकथाम र सडक सुरक्षाको प्रबर्धन।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| अपराध रोकथाम र सडक सुरक्षासँग सम्बन्धित जानकारी प्रदान | वित्त विभाग<br>पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

| आधारभूत नीति ९ | सामाजिक जागरुकताको विकास |
|---|---|

◆ **हाम्रो लक्ष्य**

विदेशी नागरिकहरुको बहुसांस्कृतिक समाजको अवधारणा आत्मसाथ गर्दै मानवाधिकारको सम्मान गर्दै जापानिज र विदेशी नागरिक बीचको गहिरो सद्भाव एवम् आपसी समाझदारीपूर्ण समाज

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| फरक राष्ट्रियताका ब्यक्तीहरुसँग अन्तरक्रिया भएका स्थानीय नागरिकको प्रतिशत | ३१.७% | ४०.०% |

◆ **नीति निर्देशन**

नीति २७ स्थानीय वासीका लागि चेतना वृद्धि ।
नीति २८ भाषिक विविधतामा आधारित समुदाय र संघ-संस्थाहरुसँगको सहकार्य ।
नीति २९ बहुसस्कृतिको बिषयमा विभिन्न साटफेर कार्यक्रमहरुको आयोजना ।
नीति ३० बहुभाषामा आधारित अन्तर्राष्ट्रिय समझदारी शिक्षाको प्रवर्धन ।

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति २७ स्थानीय वासीका लागि चेतना वृद्धि ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| बहुसस्कृति प्रवर्धन महिना **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| बहुसस्कृति समाज सजक्ता अभियान | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| पुस्तकालयहरुमा जानकारी प्रदान | शिक्षा बोर्ड |
| मानवाधिकार सेमिनारहरुको कार्यान्वयन | वित्त विभाग |
| बहुसस्कृति शिक्षाको कार्यान्वयन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| घृणाका भाषण निर्मूल पार्ने प्रयासहरु | वित्त विभाग<br>पर्यटन ब्यूरो, संस्कृति र विनिमय<br>हरियालीकरण तथा सामाजिक कार्य विभाग<br>शिक्षा बोर्ड |

**नीति २८ भाषिक विविधतामा आधारित समुदाय र संघ-संस्थाहरुसँगको सहकार्य**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| नागोया अन्तर्राष्ट्रीय केन्द्रको सन्चालन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन संगठनको सिर्जना **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| मिनातो वडा बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन संगठनको सन्चालन | मिनातो वडा |

**नीति २९ बहुसस्कृतिको बिषयमा विभिन्न साटफेर कार्यक्रमहरुको आयोजना ।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| बहुसांस्कृतिक शहर विकासका लागि पारीयोजनाहरु | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| विदेशीहरुसँग सह-अस्तित्व र साटासाटका लागि शहर विकास पारीयोजनाहरु | नाका वडा |
| वडाद्वारा आयोजित पर्वहरुमा एक्स्चेन्ज विद्यार्थीको सहभागिता | स्योवा वार्ड |
| समुदायसँग विदेशी अनुसन्धानकर्ता र एक्सचेन्ज विद्यार्थीको अन्तरकृया | नागोया सिटी युनिभर्सिटी |

**नीति ३० बहुभाषामा आधारीत अन्तर्राष्ट्रिय समझदारी शिक्षाको प्रबर्धन**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| एन् आई सि ग्लोबल सिटिजन कक्षाको उपयोग | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

| आधारभूत नीति १० | विविधता सदुपयोग गर्ने शहरको सकृयता |
|---|---|

◆ **हाम्रो लक्ष्य**

सबैको क्षमता तथा विविधताको सदुपयोगहुने समाज

◆ **नीतिका लक्ष्यहरु**

| सूचकांक | वर्तमान आर्थिक वर्ष (२०१६) | लक्ष्य आर्थिक वर्ष (२०२१) |
|---|---|---|
| अहिलेको आफ्नो नागोया जीवनसँग सन्तुस्ट विदेशी नागरिकको प्रतिशत | ८९. २% | ९५. ० % |

◆ **नीति निर्देशन**

नीति ३१ एक्सचेन्ज विद्यार्थी र विदेशी मनावस्रोतको परिचालन् गर्ने अवसरहरुको सिर्जना।

नीति ३२ बहुसांस्कृतिक सह-अस्तित्व संरक्षक बन्न सक्ने मनावस्रोतको विकास।

नीति ३३ विविधताको प्रयोग गर्दै नागोयाका गुणहरुको वृद्धि एवम् प्रचारप्रसार।

◆ **नीति कार्यान्वयन परियोजनाहरू**

**नीति ३१ एक्सचेन्ज विद्यार्थी र विदेशी मनावस्रोतको परिचालन् गर्ने अवसरहरुको सिर्जना।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| अन्तरराष्ट्रिय एक्सचेन्ज विद्यार्थी हलको सन्चालन | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| नागोया एक्सचेन्ज विद्यार्थी मित्रता पारीयोजना | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| सिटी विश्वविद्यालयमा विदेशी विद्यार्थीहरुको भर्ना एवम् सहयोग | नागोया सिटी युनिभर्सिटी |

**नीति ३२ बहुसांस्कृतिक सह-अस्तित्व संरक्षक बन्न सक्ने मनावस्रोतको विकास।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| ग्लोबल मानव स्रोतको तालिम र सहयोग | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| विदेशी बालबालिका / विद्यार्थीहरुको सहयोगीहरुको विकास (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| जापानिज भाषा स्वयंसेवक गतिविधीहरुको प्रबर्धन (पुनः) | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

**नीति ३३ विविधताको प्रयोग गर्दै नागोयाका गुणहरुको वृद्धि एवम् प्रचारप्रसार।**

| परियोजना | विभाग प्रमुख |
|---|---|
| नागोयाका गुणहरु वृद्धि एवम् प्रचारप्रसार **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |
| सहकर्मी विदेशी नागरिकहरुसँग सुचनाको आदनप्रदान **नयाँ** | पर्यटन ब्यूरो, संस्कृति र विनिमय |

नागोया बहुसांस्कृतिक सह-अस्तित्व प्रवर्धन योजना २ (मस्यौदा) (खाका)
अन्तर्राष्ट्रिय सम्बन्ध शाखा
पर्यटन तथा एक्सचेन्ज विभाग शाखा
पर्यटन ,सस्कृति र एक्सचेन्ज ब्यूरो
नागोया नगरपालिका
पर्यटन ब्यूरो, संस्कृति र विनिमय, नागोया शहर
१-१ सन्नोमरु ३-चोमे,नाका-कु,नागोया
टेलिफोन: ०५२-९७२-३०६२
फ्याक्स: ०५२-९७२-४२००

इमेल: a3061@kankobunkakoryu.city.nagoya.lg.jp